# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ५ अङ्क ३ चैत २०७९


## Asia Pacific Master of Arts in Human Rights and Democratization (APMA) का विद्यार्थीहरू र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूबीच छलफल







२०७९ फागुन ४ गते Asia Pacific Master of Arts in Human Rights and Democratization (APMA) का विद्यार्थीहरू र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूबीच आयोगको सभाहलमा आयोगको काम, कर्तव्य र अधिकार विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ ।

सो कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत रुना महर्जनले आयोगको काम, कर्तव्य र क्षेत्राधिकार विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा आयोगले उजुरी लिने प्रक्रिया, अनुसन्धान प्रक्रिया, सम्पादित कार्यहरू, आयोग र नागरिक समाजबीच समन्वय, आयोगबाट गरिएका सिफारिसको कार्यान्वयन अवस्था आदि बारेमा विस्तृत रूपमा छलफल भएको थियो । सो कार्यक्रममा काठमाडौं स्कुल अफ ल का प्राध्यापक गीता पाठक संग्रौलाले हरेक वर्ष विद्यार्थीहरूलाई आयोगमा भ्रमण गराइ मानव अधिकारको विषयमा छलफल हुने गरेको उल्लेख गर्नुभयो । यसबाट सहकार्य र समन्वयमा अभिवृद्धि हुँदै गएको उहाँको भनाइ थियो ।

कार्यक्रममा आयोगका कामु सचिव मुरारिप्रसाद खरेल, सहसचिवद्वय दिपक जंगध्वज कार्की र सम्झना शर्मा एवम् उपसचिवहरूको उपस्थिति रहेको थियो ।

## सङ्क्रमणकालीन न्यायलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउँन आयोगको आग्रह

सङ्क्रमणकालीन न्यायको विषयमा विभिन्न कोणबाट भएका बहसका सम्बन्धमा प्रेस विज्ञप्तिमार्फत राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकार र सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराएको छ । २०६३ मङ्सिर ५ गते राज्य पक्ष र तत्कालीन सशस्त्र विद्रोही पक्षबीच भएको विस्तृत शान्ति-सम्झौतामा सङ्क्रमणकालीन न्यायका माध्यमबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने भनिए पनि १६ वर्ष पूरा भइसक्दा समेत सङ्क्रमणकालीन न्यायका कतिपय विषय टुङ्गोमा नपुग्नु चिन्ताको विषय बनेको छ ।

यसै सन्दर्भमा केही द्वन्द्वपीडितहरू न्यायको मागसहित सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न गएको विषयमाथि केही राजनीतिक दलहरूले प्रश्न उठाउनुले द्वन्द्वपीडितको न्याय खोज्ने हकमा अवाञ्छित प्रभाव पर्न सक्ने देखिन्छ । सङ्क्रमणकालीन न्यायको छुट्टै विधि र प्रक्रिया भएता पनि मानव अधिकार उल्लङ्घनका घटनाहरूमा न्याय प्राप्तिका लागि न्यायिक निकायमा प्रवेश गर्न पाउने पीडितको हकलाई सङ्कुचित गर्नु न्यायोचित हुँदैन । सङ्क्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतको आदेश, यस आयोगले विगतमा दिएका सुझाव र अन्तर्राष्ट्रिय मान्यताबमोजिम हुने गरी गर्न आयोगले स्मरण गराएको छ । सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न र यथाशीघ्र आयोगहरू गठन गरी यस विषयलाई छिटो टुङ्गोमा पुऱ्याउँन आयोग नेपाल सरकार र सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ, विज्ञप्तिमा उल्लेख गरिएको ।

## वल्र्ड लर्निङका प्रतिनिधिहरू र आयोगका कर्मचारीहरूबीच छलफल



२०७९ फागुन १६ गतेका दिन वल्र्ड लर्निङ (World Learning) का प्रतिनिधिहरूसँग नेपालमा मानव अधिकारको वर्तमान अवस्था र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक बैठक तथा छलफल भएको थियो ।



बैठक आयोगको स्थापना, काम, कर्तव्य, उजुरी व्यवस्थापन, अनुसन्धान, अनुगमन पद्धतिबारेमा केन्द्रित रहेको थियो । सो क्रममा आयोगले मानव बेचबिखनविरुद्ध चालेका कदम, मानव अधिकारको संरक्षण र संवर्धन सम्बन्धमा सम्पन्न गरेका कार्यहरूको बारेमा जानकारी गराइएको थियो । आप्रवासी कामदारको हक संरक्षणसम्बन्धी अन्य मुलुकका मानव अधिकार आयोग यस आयोगबीच भएका समझदारी, सम्पादित कार्यहरूको बारेमा पनि चर्चा गरिएको थियो । यसको साथै निर्वाचनमा आयोगको भूमिका, मानव अधिकारको वर्तमान अवस्था, आयोगबाट भएका सिफारिसको कार्यान्वयन अवस्था एवम् समसामयिक विषयहरूमा छलफल भएको थियो । बैठकमा राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट आयोगका कामु सचिव र मानव अधिकार अधिकृतको उपस्थिति रहेको थियो ।

## मानव अधिकारको संरक्षण र संवर्धनमा अन्तर्राष्ट्रिय संयन्त्र एवम् राष्ट्रिय मानव अधिकार संस्थाको भूमिका विषयक छलफल

२०७९ फागुन २६ गते मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्बन्ध विषयक छलफल सम्पन्न भएको छ ।समन्वय विभागको सकियतामा सम्पन्न सो कार्यक्रममा संयन्त्रका विविध पक्षमा छलफल भएको थियो ।

कार्यक्रममा आयोगका सहसचिव नवराज सापकोटाले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारका संयन्त्रहरूमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका विषयमा प्रस्तुति गर्नुभएको थियो । विशेषतः महासन्धि एवम् बडापत्रमा आधारित संयन्त्रहरू र मानव अधिकार संरक्षण र संवर्धनमा खेल्ने भूमिका, प्रतिवेदन प्रणालीहरू लगायतका विषयमा प्रस्तुतिकरण केन्द्रित रहेको थियो । सन्धिमा



आधारित प्रतिवेदन प्रणालीहरू कानुनी रूपमा बाध्यात्मक हुने भएकाले पक्षराष्ट्रलाई मानव अधिकारको संरक्षण र संवर्धनमा प्रभावकारी भूमिका हुनेछ। महासन्धिमा आधारित प्रतिवेदन प्रणालीमा पक्षराष्टले हरेक सन्धिको दायित्वबमोजिम घरेलुकरण गर्नुपर्ने हुन्छ । यसको लागि कानुनमा संशोधन तथा नयाँ कानुनको निर्माण, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन संयन्त्रको निर्माण, नियमित रूपमा सम्बन्धित समितिहरूमा राष्ट्रिय प्रतिवेदन पेस गर्नुपर्दछ । त्यसै गरी यातनाविरुद्धको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख आधारभूत महासन्धि मानिएको र पक्षराष्ट्रहरूमा राष्ट्रिय रोकथामका संयन्त्रहरू (National Preventive Mechanism) तयार गरेर कार्यान्वयन गर्नुपर्ने दायित्व रहन्छ ।

अन्तर्राष्ट्रिय दायित्वबमोजिम नेपालले मानव अधिकार समितिहरूलाई पेस गर्नुपर्दछ । सबै प्रतिवेदनहरू नियमित हुन नसकेको अवस्था छ । जस्तै: महिलामाथि हुने सबै प्रकारका भेदभावविरुद्धको महसन्धिसँग सम्बन्धित प्रतिवेदन नियमित रूपमा पेस हुँदै आए पनि जातीय विभेदविरुद्धको अधिकारसम्बन्धी महासन्धिसँग सम्बन्धित प्रतिवेदन सन् २०१८ मा पेस गर्नुपर्नेमा हालसम्म पनि पेस हुन सकेको छैन। विश्वव्यापी आवधिक समीक्षा (युपिआर) हरेक राष्ट्रको मानव अधिकार अवस्था सुधार गर्ने एउटा महत्त्वपूर्ण संयन्त्रको रूपमा रहेको छ ।

नेपालको शासकीय प्रणाली सङ्घीय संरचनामा गएको अवस्थामा कार्यान्वयन, अनुगमन र प्रतिवेदनमा प्रदेश र स्थानीय तहसमेत जिम्मेवार हुनुपर्ने अवस्था छ । यसमा नेपाल सकारको तर्फबाट भएका कार्यहरूबारे समेत आयोगले अनुगमन गरी प्रतिवेदनमा समावेश गर्न सकिन्छ । यसको साथै आयोगले नेपाल सरकारको तर्फबाट पेस गर्ने प्रतिवेदनको तयारी तथा परामर्शको क्रममा आयोगले सुझाव प्रस्तुत गर्न सक्छ । आयोग स्वयम्ले अनुगमन, नागरिक समाज, मानव अधिकारकर्मी, सरोकारवालासँगको परामर्श तथा छलफलबाट प्राप्त सुझावहरूसहितको प्रतिवेदन पेस गर्नुपर्ने आदि विषयहरू प्रस्तुतिकरणमा समावेश गरिएको थियो । कार्यक्रममा आयोगका कामु सचिव आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## जनप्रतिनिधिहरूलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न



आयोगको प्रदेश नं. १ शाखा कार्यालय खोटाङको आयोजनामा सोलुखुम्बु जिल्लाको कालिकोट महाकुलुङ गाउँपालिका र सोताङ गाउँपालिकाकामा माघ २० मा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । जनप्रतिनिधिहरूलाई केन्द्रित सो कार्यक्रममा आयोगको तर्फबाट कामु सचिव र पालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले छुट्टाछुट्टै प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणमा मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना र दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण, न्यायिक समितिको कार्यहरू आदि विषय समेटिएका थिए । मानव अधिकार संरक्षण र संवर्धनमा आयोग र स्थानीय तहको भूमिका, समसामयिक मानव अधिकारका सवालमा पनि छलफल भएको थियो ।



महाकुलुङ गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर कुलुङले मानव अधिकार संरक्षण र संवर्धनसम्बन्धी धेरै विषयहरू स्थानीय तहसँग सम्बन्धित रहेको र आफू यसबारेमा सुसूचित भएको उल्लेख गर्नुभयो । आगामी दिनहरूमा पालिकाको नीति र कार्यक्रम तर्जुमा गर्दा कार्ययोजना र दिगो विकास, मानव अधिकारको विषयलाई प्राथमिकतामा राख्ने उहाँले प्रतिबद्धता जाहेर गर्नुभयो । त्यसै गरी सोताङ गाउँपालिकाका अध्यक्ष खिलराज रेग्मीले मानव अधिकारका आधारभूत विषयहरूमा विगतको तुलनामा केही प्रगति भए पनि धेरै विषयहरूमा सुधारको आवश्यकता रहेकोमा जोड दिनुभयो । पालिकाले आगामी दिनमा आयोगसँग समेत सहकार्यका साथ अगाडि बढ्ने र आयोगले पालिकाको कामकारबाहीमा निरन्तर अनुगमन गरी आवश्यक सुझाव दिनसमेत आग्रह गर्नुभयो । महाकुलुङ गाउँपालिकाका उपाध्यक्ष विपना कुलुङले न्यायिक कार्य सम्पादनमा आउने समस्या समाधानको लागि कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनुभयो । आयोगका कामु सचिव मुरारिप्रसाद खरेलले संविधान र कानुनले मानव अधिकारका विषयहरूको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यस सन्दर्भमा नागरिकहरूसँग प्रत्यक्ष जोडिएको नजिकको सरकार भएकोले नागरिकले महशुस गर्ने गरी कार्य गर्नुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रममा दुवै पालिका जनप्रतिनिधिहरू र विषयगत शाखा प्रमुखहरूसहित ७६ जनाको उपस्थिति रहेको थियो ।

## सोलुखुम्बु र खोटाङ जिल्लाका मानव अधिकारकर्मीहरूसँग छलफल



आयोगको प्रदेश न. १ शाखा कार्यालय खोटाङ र जिल्लाका मानव अधिकारकर्मी र सञ्चारकर्मीहरूसँग जिल्लाको समसामयिक मानव अधिकार अवस्थाका विषयमा छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न भएको छ । सोलुखुम्बुका मानव अधिकारकर्मीहरूसँग माघ २१ मा सल्लेरी र खोटाङका अधिकारकर्मीहरूसँग माघ २२ गते खोटाङमा सो कार्यक्रम भएको थियो । आयोगका कामु सचिव मुरारिप्रसाद खरेलसमेत सहभागी कार्यक्रमका सहभागीहरूले जिल्लाको



मानव अधिकार र सञ्चार जगतको अवस्थाबारेमा जानकारी गराउनुभएको थियो । आफ्नो हकअधिकारको लागि आयोगसँग सहकार्य र समन्वयका साथ अगाडि जान सकिनेमा उहाँहरूले जोड दिनुभएको थियो । आयोगको तर्फबाट कामु सचिव खरेलले आयोग नागरिकहरूकै आन्दोलनबाट स्थापना भएकोले उनीहरूको अधिकारको लागि प्रतिबद्ध रहेको र यसको लागि समन्वय र सहकार्य अपरिहार्य रहेको बताउनुभयो । कार्यक्रममा अनौपचारिक सेवा क्षेत्र (इन्सेक) का खोटाङ जिल्ला प्रतिनिधि तारानाथ फुयालले खोटाङमा छ वर्षअघि रहस्यमय तरिकाले विभत्स हत्या गरिएका खोटेहाङ गापा वडा नं. ९, लिच्कीराम्चेकी नीता तामाङ, हलेसी तुवाचुङ नपा वडा नं. ७, महादेवस्थानकी ज्ञानीमाया विश्वकर्मा र जन्तेढुङ्गा गापा वडा नं. ६, दिप्लुङकी देवी बिकको हत्यारा पत्ता लगाइ मृतक परिवारलाई न्याय दिलाउन ध्यानाकर्षण गर्दै ज्ञापनपत्र बुझाउनुभएको थियो । छलफलमा आयोगका तर्फबाट केन्द्रीय कार्यालय, समन्वय महाशाखा प्रमुख रमेशकुमार थापालगायत खोटाङ कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## महिला हिंसा तथा सामाजिक कुरीति विषयक अन्तरक्रिया

धनुषा/आयोगको मधेश प्रदेश कार्यालय जनकपुरले धनुषाको मुख्यापट्टी मुसरनीया गाउपालिकामा २०७९ माघ १८ गते महिला हिंसा तथा कुरीति विषयक



अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा महिला हिंसा तथा कुरीति सम्बन्धमा आयोगका अधिकृतद्धय रेखा झा र ज्योतिप्रसाद घिमिरेले प्रस्तुतिकरण गर्नुभएको थियो । मुसरनीयाँ गाउपालिकाका अध्यक्ष जयकुमार यादवको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा ७० जनाको सहभागीता रहेको थियो ।

रौतहट/आयोगको मधेश प्रदेश कार्यालयको आयोजनामा २०७९ माघ २६ गते दुर्गाभगवती गाउपालिकामा महिला हिंसा तथा कुरीति विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा समाजमा घट्ने गरेका महिला हिंसा तथा कुरीतिलगायतका विषयलाई प्रभावकारी रूपमा कसरी




सम्बोधन गर्ने भन्ने सम्बन्धमा अन्तरक्रिया केन्द्रित थियो । विशेषतः जनचेतनाको माध्यमबाट यस प्रकृतिका कार्यहरू न्यून गर्दै लैजान सकिनेमा सहभागीहरूको जोड रहेको थियो । कार्यक्रमको अध्यक्षता कार्यलय प्रमुख मञ्जु खतिवडाले गर्नुभएको थियो ।

## आ.व. २०७९/०८० को अर्ध वार्षिक अवधिमा आयोगमा परेका उजुरीहरूको विवरण

| महिना | प्रदेश कार्यालय | | | | | | प्रदेश शाखा कार्यालय | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विराटनर | जनकपुर | हेटौडा | पोखरा | बुटवल | सुर्खेत | धनगढी | खोटाङ | नेपालगञ्ज | जुम्ला | |
| साउन | ० | ० | ४ | १ | ० | ० | १ | ० | ० | ० | ६ |
| भदौ | ० | २ | ८ | ० | ० | ० | ० | १ | ० | १ | १२ |
| असोज | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| कार्तिक | ० | ० | ३ | ० | ० | १ | ० | ० | ० | ० | ४ |
| मङ्सिर | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ३ |
| पुस | ० | १ | ० | १ | ० | १ | ० | ० | ० | ० | ३ |
| जम्मा | ० | ३ | १५ | ३ | १ | ३ | २ | १ | ० | १ | २९ |

**"कर्तव्यको पालना नै अधिकार प्राप्तिको आधार हो ।"**

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी

दुर्गा पोखरेल

पवन भण्डारी